जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १८३ पृष्ठ: ४ | २०८३ कार्तिक २६ बिहीबार (Thursday 12 Nov. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

गोलबजार व्यापार संघको अध्यक्ष पदमा ४ को उम्मेवारी, १५ पदका लागि ३३ जना भिड्दै



सिरहा, २५ कात्तिक। आगामी मंसिर ४ गतेको लागि तय भएको गोलबजार व्यापार संघको निर्वाचनमा अध्यक्ष पदको लागि चार जनाले उम्मेदवारी दिएका छन्। नेपाली कम्यूनिष्ट पार्टी (नकपा)लगायतको समर्थनमा अग्रज व्यवसायी महेश साह सुडी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को तर्फबाट राकेश गुप्ता प्यानलले प्यानलसहित अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका छन्।

गोलबजारका अर्का व्यसायी शुशिल कुमार अग्रवाल 'शिलु' र त्रिदेव कुमार साहलेले एकल

अध्यक्ष पदमा उम्मेदवारी दिएको गोलबजार व्यापार संघ निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। अध्यक्ष एक, उपाध्यक्ष दुई, महासचिव एक, कोषाध्यक्ष एक, सचिव एक र ९ सदस्यसहित १५ सिटका लागि ३३ जनले उम्मेदवारी दिएको निर्वाचन अधिकृत सुरेश साहले जानकारी दिए।

प्रथम उपाध्यक्ष पदकोलागि रामप्रमोद याव र आनन्द कुमार यादव, उपाध्यक्षका लागि मो. सदाम खान र ओमप्रकाश साह, महासचिव पदका लागि अरविन्द कुमार सिंह र विरेन्द्र सिंह, कोषाध्यक्ष पदका लागि कपिलदेव साह र प्रकाश साह तथा सचिव पदका लागि अमर कुमार मण्डल र टेकलाल नायकले उम्मेदवारी दिएका छन्। ९ जना सदस्य पदका लागि १९ जनाले उम्मेदवारी दिएका छन्।

अध्यक्षसहित पदाधिकारीमा १४ जनाको उम्मेद्वारी परेपनि एक जनापनि महिला उम्मेदवार छैन। सदस्यकालागि भने ४ जना महिलाको उम्मेदवारी परेको छ।

सिरहामा प्रतिबन्धित औषधि सहित भारतीय नागरिक पक्राउ



जनकपुरधाम, २५ कार्तिक। भारतबाट मोटरसाइकलमा नेपालतर्फ आउँदै गरेका एक भारतीय नागरिक सिरहामा प्रतिबन्धित औषधिसहित पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारतको बिहार राज्य, मधुबनी जिल्ला झझरी गाउँका करिब ३५ वर्षीय मनोज कुमार साह रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मंगलबार भगवानपुर गाउँपालिका-४ स्थित बलान खोला नजिकको गोरेटो बाटोमा प्रहरी चौकी ठाडीबाट खटिएको गस्ती टोलीले उनलाई पक्राउ गरेको हो। भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ३२ एडी ४५४९ नम्बरको मोटरसाइकल शंकास्पद लागेपछि प्रहरीले जाँच गरेको थियो। सो क्रममा मोटरसाइकलको लेगार्डमा झुन्ड्याइएको झोलाभित्र प्रतिबन्धित औषधि फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार झोलाबाट बेनाड्रिल सिरपका ३० बोतल र डेक्सोरेन्ज सिरपका २९ बोतल गरी जम्मा ५९ बोतल बरामद गरिएको छ। बरामद औषधि, मोटरसाइकल र पक्राउ परेका साहलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लहानमा ल्याइएको प्रहरीले जनाएको छ।

जनकपुरमा होटलदेखि गाउँसम्म प्रहरीको छापा, जुवातास खेल्ने ३७ जना पक्राउ



जनकपुरधाम, २५ कार्तिक। चाडपर्वको समयमा जुवातास नियन्त्रण गर्न प्रहरीले सक्रियता बढाएसँगै धनुषाका विभिन्न स्थानबाट जुवातास खेलिरहेको अवस्थामा ३७ जना पक्राउ परेका छन्। प्रहरीले पाँच दिनको अवधिमा जनकपुरधामसहित जिल्लाका विभिन्न स्थानमा छापा मारेर उनीहरूलाई नियन्त्रणमा लिएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार कात्तिक ७ देखि २४ गतेसम्म भएका छुट्टाछुट्टै कारबाहीमा उनीहरू पक्राउ परेका हुन्। पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न वडाका बासिन्दासहित महोत्तरी र सर्लाही सम्मका व्यक्ति रहेको प्रहरीले जनाएको छ। प्रहरी प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले पक्राउ परेकाहरुको साथबाट नेपाली रुपैयाँ ३ लाख ४८ हजार १ सय ९ र भारतीय रुपैयाँ ३ हजार ५ सय बरामद गर्नुका साथै तासका गड्डी तथा मोबाइल फोन र दुई वटा सवारीसाधनसमेत नियन्त्रणमा लिइएको छ।

प्रहरीका अनुसार कात्तिक ७ गते जनकनन्दनी गाउँपालिका-२ बल्हाबाट सात जना पक्राउ परेका थिए। इलाका प्रहरी कार्यालय खजुरीबाट खटिएको टोलीले दिउँसो करिब २:४० बजे तास खेलिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिएको थियो। उनीहरूको साथबाट नेपाली रुपैयाँ १३ हजार २ सय ८५, भारतीय रुपैयाँ २ हजार ३ सय, तासका दुई बुक र तीन वटा मोबाइल बरामद गरिएको थियो।

त्यस्तै, कात्तिक १९ गते बिहान करिब ५ बजे जनकपुरधाम उपमहानगरपालिका-२३ स्थित बसपार्कबाट दुई जना पक्राउ परेका थिए। पक्राउ पर्नेमा जनकपुरधाम-७ का ४० वर्षीय सुजित शर्मा र ४६ वर्षीय शिवशंकर मिश्रा रहेका छन्। उनीहरूको साथबाट पाँच गड्डी तास, १७ हजार ४०० रुपैयाँ नगद तथा प्रदेश २-०२-००४ प ३९९६ नम्बरको स्कुटर र प्रदेश २-०२-००५ प ४६२५ नम्बरको मोटरसाइकल नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

कात्तिक २१ गते मध्यराति जनकपुरधाम-९ स्थित काली होटलमा जुवातास खेलिरहेको सूचनाका आधारमा प्रहरीले छापा मार्दा जनकपुरधाम, महोत्तरी र सर्लाहीका पाँच जना पक्राउ परेका थिए। उनीहरूको साथबाट नेपाली रुपैयाँ ८८ हजार २ सय ८०, भारतीय रुपैयाँ १ हजार २ सय, तासका १३ सेट र छवटा मोबाइल बरामद गरिएको थियो।

यसैगरी, कात्तिक २३ गते बिहान करिब ५:३० बजे जनकपुरधाम-१४ रजौलस्थित साजन टेन्ट हाउसमा तास खेलिरहेको अवस्थामा १८ जना पक्राउ परेका थिए। उनीहरूको साथबाट तीन गड्डी तास र नेपाली रुपैयाँ १ लाख ६१ हजार ६ सय ४४ बरामद

-बाँकी अन्तिम पेजमा

सामाजिक सञ्जाल प्रयोगमा सतकर्ता अपनाऔं

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं ,
- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,



- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

व्यापार संघमा दलीय हस्तक्षेप होइन, व्यावसायिक नेतृत्व चाहिन्छ

व्यापारिक संस्था कुनै राजनीतिक दलको संगठन विस्तार गर्ने थलो होइन। यसको मूल उद्देश्य व्यवसायीहरूको हकहित संरक्षण, व्यापारिक वातावरण सुधार, बजार व्यवस्थापन र स्थानीय आर्थिक गतिविधिलाई प्रोत्साहन गर्नु हो। तर पछिल्लो समय व्यापारिक तथा सामाजिक संघसंस्थामा समेत राजनीतिक दलहरूको प्रभाव बढ्दै जानु चिन्ताजनक विषय बनेको छ। सिरहाको गोलबजार व्यापार संघको आगामी मंसिर ४ गते हुने निर्वाचनमा देखिएको राजनीतिक सक्रियताले यही प्रवृत्तिलाई पुनः उजागर गरेको छ।

गोलबजार व्यापार संघको निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टी लगायतको समर्थनमा महेश साह सुडी नेतृत्वको प्यानलले उम्मेदवारी घोषणा गरेको छ। अर्कोतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूको उपस्थितिमा राकेश गुप्तालाई अध्यक्षको उम्मेदवारका रूपमा अघि सारिएको छ। राजनीतिक दलका नेता तथा प्रतिनिधिसभा सदस्यहरूको उपस्थितिमा उम्मेदवार घोषणा गरिनुले व्यापार संघको निर्वाचनले दलीय रंग लिएको स्पष्ट संकेत गरेको छ। यसले व्यवसायीहरूको साझा संस्था कति स्वतन्त्र र निष्पक्ष रहन सक्छ भन्ने प्रश्नसमेत खडा गरेको छ।

व्यापार संघमा राजनीतिक दलका समर्थक व्यवसायी उम्मेदवार बन्नु आफैंमा गलत होइन। प्रत्येक नागरिकलाई आफ्नो राजनीतिक विचार राख्ने र निर्वाचनमा प्रतिस्पर्धा गर्ने अधिकार छ। तर राजनीतिक दलहरूले आफ्नो प्रभाव र शक्ति प्रयोग गरेर व्यापारिक संस्थाको नेतृत्व चयन प्रक्रियालाई प्रभावित पार्न खोज्नु उचित होइन। व्यापार संघको नेतृत्व राजनीतिक आस्थाका आधारमा होइन, उम्मेदवारको व्यावसायिक अनुभव, क्षमता, इमानदारी, योजना र व्यवसायीप्रतिको प्रतिबद्धताका आधारमा चयन हुनुपर्छ।

राकेश गुप्ता यसअघि दुई कार्यकाल व्यापार संघको कार्यसमितिमा रहेर काम गरिसकेका व्यक्ति हुन्। उनले विगतमा व्यापार संघलाई राजनीतिक दलभन्दा माथि राखेर स्वतन्त्र, निष्पक्ष र व्यवसायीहरूको साझा संस्था बनाउनुपर्ने धारणा राख्दै आएका थिए। तर अहिले राजनीतिक दलका नेताहरूको उपस्थितिमा उम्मेदवारी घोषणा भएपछि उनको स्वतन्त्र उम्मेदवारीको दाबीमाथि स्वाभाविक प्रश्न उठेको छ। उनले आफू पार्टीको दबाबभन्दा पनि व्यवसायीहरूको आग्रहमा उम्मेदवार बनेको स्पष्टीकरण दिएका छन्। उनको भनाइलाई सम्मान गर्दै पनि उम्मेदवारी घोषणाको शैलीले उत्पन्न गरेको राजनीतिक सन्देशलाई बेवास्ता गर्न सकिँदैन।

त्यस्तै, दुई कार्यकाल कार्यसमितिमा बसेर अनुभव हासिल गरिसकेका व्यक्तिले आफूलाई नयाँ नेतृत्वका रूपमा प्रस्तुत गर्दा स्पष्ट कार्ययोजना र परिवर्तनको आधार पनि दिन आवश्यक हुन्छ। नेतृत्वमा पुग्न चाहने व्यक्तिले विगतको अनुभवबाट के सिके, अब के फरक गर्ने र व्यवसायीका समस्या समाधान गर्न कस्तो योजना बनाएका छन् भन्ने कुरा सार्वजनिक गर्नुपर्छ। केवल नयाँ नेतृत्वको नारा दिएर मात्र परिवर्तन सम्भव हुँदैन।

अर्कोतर्फ महेश साह सुडीले आफू सर्वसम्मत उम्मेदवार भएको दाबी गरेका छन्। यदि उनी वास्तवमै व्यवसायीहरूको व्यापक समर्थनमा उम्मेदवार बनेका हुन् भने त्यसलाई पनि निर्वाचन प्रक्रियाबाट प्रमाणित गर्नुपर्छ। सर्वसम्मतिको दाबी र वास्तविक समर्थनबीच फरक हुन सक्छ। त्यसैले दुवै पक्षले व्यक्तिगत आरोप–प्रत्यारोपभन्दा माथि उठेर व्यवसायीको हितमा आफ्ना योजना र प्रतिबद्धता प्रस्तुत गर्नु आवश्यक छ। गोलबजार सिरहाको महत्त्वपूर्ण व्यापारिक केन्द्र हो। यहाँका व्यवसायीले कर, बजार व्यवस्थापन, सडक तथा पूर्वाधार, सुरक्षा, पार्किङ, अनियमित बजार प्रतिस्पर्धा र व्यवसाय सञ्चालनका अनेकौँ समस्या भोगिरहेका छन्। व्यापार संघको नयाँ नेतृत्वले यस्ता समस्यालाई प्राथमिकतामा राख्नुपर्छ। स्थानीय सरकारसँग समन्वय गरी व्यवस्थित बजार निर्माण, व्यवसायीको लगानी सुरक्षा, व्यापारिक विवाद समाधान र व्यवसायमैत्री वातावरण सिर्जना गर्न नेतृत्व सक्षम हुनुपर्छ।

राजनीतिक दलहरूले पनि व्यापार संघलाई आफ्नो प्रभाव विस्तार गर्ने माध्यम बनाउनु हुँदैन। व्यवसायीको साझा संस्थामा दलगत हस्तक्षेप बढ्दा व्यवसायीहरू राजनीतिक कित्तामा विभाजित हुने र संस्थाको मूल उद्देश्य कमजोर हुने खतरा रहन्छ। निर्वाचनपछि पनि सबै व्यवसायीलाई समान व्यवहार गर्दै कुनै दल वा समूहप्रति पूर्वाग्रह नराखी काम गर्न सक्ने नेतृत्व आवश्यक छ।

अन्ततः गोलबजार व्यापार संघको निर्वाचन कुनै राजनीतिक दलको प्रतिष्ठाको विषय होइन, यो गोलबजारका व्यवसायीहरूको भविष्यसँग जोडिएको विषय हो। त्यसैले व्यवसायीहरूले उम्मेदवारको राजनीतिक आबद्धता वा शक्ति प्रदर्शनभन्दा उनीहरूको क्षमता, विगतको कार्यसम्पादन, इमानदारी र भावी योजनालाई मूल्याङ्कन गर्नुपर्छ। नेतृत्व चयन गर्दा दलको प्रभावभन्दा व्यावसायिक हितलाई प्राथमिकता दिनुपर्छ। व्यापार संघलाई राजनीतिक प्रतिस्पर्धाको अखडा होइन, व्यवसायीहरूको साझा आवाज बनाउनु आजको आवश्यकता हो। गोलबजारको समृद्धि र व्यापारिक विकासका लागि दलीय स्वार्थभन्दा माथि उठेको, सक्षम, पारदर्शी र उत्तरदायी नेतृत्व चयन गर्नु नै यस निर्वाचनको वास्तविक सफलता हुनेछ।

बाढीपछिको पुनर्लाभमा स्थानीय समुदायको सहभागिता र जीविकोपार्जन पुनःस्थापनाको आवश्यकता

विष्णु महर्जन / समीर नेपाल

प्राकृतिक विपद्पछि प्रभावित समुदायको पुनर्लाभलाई घर निर्माण, सडक मर्मत र भौतिक संरचनाको पुनर्निर्माणमा मात्र सीमित राख्नु पर्याप्त हुँदैन।भोटेकोसी जलाधार क्षेत्रमा सन् २०२६ अगस्टमा र बुढीगण्डकी नदी क्षेत्रमा अक्टोबरमा आएका बाढी प्रभावित समुदायको सुरक्षित पुनर्वास, जीविकोपार्जनको पुनःस्थापना, आधारभूत सेवामा पहुँच र भविष्यमा विपद्को जोखिम न्यूनीकरणलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक हुन्छ।

ठूलो विपद्पछि तत्काल उद्धार, सहायता र अस्थायी आवासको व्यवस्था गर्नु प्राथमिक दायित्व भए पनि त्यसपछिको पुनर्लाभ प्रक्रिया जटिल हुन्छ। प्रभावित परिवारलाई सुरक्षित आवास उपलब्ध गराउनुका साथै रोजगारी, कृषि, पशुपालन, व्यापार, शिक्षा, स्वास्थ्य सेवा तथा सडक र बजारसँगको सम्पर्क पुनःस्थापित गर्नु दीर्घकालीन पुनर्लाभका प्रमुख आधार हुन्। पुनर्निर्माणमा खर्च भएको रकम, निर्माण सम्पन्न भएका घर र सञ्चालनमा आएका सडकलाई मात्र सफलताको सूचक मान्दा प्रभावित नागरिकले आफ्नो दैनिक जीवन कति सहज रूपमा पुनः सुरु गर्न सके भन्ने वास्तविक पक्ष ओझेलमा पर्न सक्छ।

प्राविधिक विशेषज्ञता र स्थानीय समुदायको अनुभवलाई एकीकृत गरेर पुनर्लाभका योजना निर्माण गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ। इन्जिनियर, भूगर्भविद्, जलविज्ञ, योजनाकार तथा सम्बन्धित सरकारी निकायले जोखिम मूल्याङ्कन र सुरक्षित संरचना निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। अर्कोतर्फ, स्थानीय बासिन्दासँग नदीका पुराना धार, कटान भइरहेका किनारा, पानीका स्रोत, खेतीयोग्य जमिन, वैकल्पिक बाटो र दैनिक जीवनका आवश्यकतासम्बन्धी व्यावहारिक ज्ञान हुन्छ। यी दुवै पक्षको सहकार्यबाट मात्र प्रभावकारी, सुरक्षित र जनमुखी पुनर्लाभ सम्भव हुन्छ।

दुई बाढी – फरक भौगोलिक अवस्था र पुनर्लाभका चुनौती

रसुवा–भोटेकोसी र बुढीगण्डकी क्षेत्रमा केही साताको अन्तरमा बाढी आए पनि दुवै क्षेत्रको भौगोलिक अवस्था, आर्थिक संरचना र सामाजिक आवश्यकता उल्लेखनीयरूपमा फरक छन्। प्रारम्भिक विवरणअनुसार रसुवा–भोटेकोसी क्षेत्रमा माथिल्लो भेगमा भएको हिउँ तथा चट्टानको पहिरो वा हिमतालसँग सम्बन्धित घटनाका कारण बाढी आएको हुन सक्ने अनुमान गरिएको छ। बुढीगण्डकी क्षेत्रमा भने पहिरोले नदीको बहाव अवरुद्ध गरेपछि बाढी आएको हुन सक्ने आशङ्का छ। दुवै घटनाको वास्तविक कारण र प्रकृतिबारे विस्तृत वैज्ञानिक अध्ययन आवश्यक छ।

रसुवा–भोटेकोसी क्षेत्रमा बाढीको प्रभाव सीमा नाका, भन्सार, व्यापार, यातायात, जलविद्युत् आयोजना र हिमाली पर्यटनमा आधारित अर्थतन्त्रसँग प्रत्यक्ष रूपमा जोडिएको छ। टिमुरे तथा रसुवागढी क्षेत्रका पसल, सवारीसाधन र मालसामानमा क्षति पुग्नुका साथै विभिन्न जलविद्युत् आयोजना पनि प्रभावित भएका छन्। यस्तो अवस्थामा घरधनीमात्र नभई भाडामा व्यवसाय सञ्चालन गर्ने व्यापारी, दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक, चालक, होटल सञ्चालक र जलविद्युत् आयोजनामा कार्यरत कामदारलाई समेत पुनर्लाभको दायरामा समेट्नुपर्छ। घरको क्षतिका आधारमा मात्र सहायता तथा पुनर्स्थापनाको प्राथमिकता निर्धारण गर्दा यस्ता प्रभावित समूह छुट्न सक्छन्।

यस क्षेत्रमा अघिल्लो वर्ष पनि बाढी आएको सन्दर्भमा स्थानीय समुदायले बारम्बारको विपद्बाट उत्पन्न आर्थिक क्षति, मानसिक तनाव र भविष्यप्रतिको अनिश्चितता सामना गर्नुपरेको हुन सक्छ। त्यसैले पुनर्लाभका कार्यक्रमले भौतिक संरचनाको पुनर्निर्माणसँगै व्यवसाय सञ्चालन, रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रको पुनरुत्थानमा समेत जोड दिनुपर्छ।

बुढीगण्डकी क्षेत्रमा भने गोरखाको चुमनुब्री तथा धार्चे गाउँपालिकादेखि आरुघाट हुँदै धादिङसम्मका विभिन्न स्थान प्रभावित भएका छन्। छरिएका बस्ती, दुर्गम भौगोलिक अवस्था र झोलुङ्गे पुलमा निर्भर यातायात प्रणालीका कारण यहाँका पुनर्लाभका चुनौती फरक छन्। कुनै एउटा पुल बग्दा गाउँहरू बजार, विद्यालय, स्वास्थ्य संस्था र अन्य आधारभूत सेवाबाट वञ्चित हुन सक्छन्। कृषि, पशुपालन, मौसमी आवागमन र सामुदायिक सम्बन्धमा निर्भर परिवारका लागि खेतबारी, चरन क्षेत्र, गोठ तथा आवतजावतका मार्गको पुनःस्थापना विशेष महत्वपूर्ण हुन्छ।

शासकीय तथा प्रशासनिक समन्वयका दृष्टिले पनि दुवै क्षेत्रमा फरक चुनौती छन्। रसुवामा सीमा व्यापार, भन्सार र राष्ट्रिय यातायातसँग सम्बन्धित संरचनाको पुनःस्थापनामा संघीय निकायको भूमिका महत्त्वपूर्ण हुन्छ। बूढीगण्डकी क्षेत्रमा भने गोरखा र धादिङका स्थानीय तह, गण्डकी र बागमती प्रदेश तथा सम्बन्धित संघीय निकायबीच समन्वय आवश्यक हुन्छ। निर्माणाधीन जलविद्युत् आयोजनाका शिविर, उपकरण र पहुँचमार्गमा पुगेको क्षतिले पनि पुनर्लाभ प्रक्रियालाई थप जटिल बनाउन सक्छ।

यसकारण दुवै क्षेत्रका लागि एउटै प्रकृतिको पुनर्लाभ योजना पर्याप्त हुँदैन। रसुवामा व्यापार, बजार र रोजगारीको पुनःस्थापनालाई प्राथमिकता दिनुपर्ने हुन सक्छ भने बुढीगण्डकी क्षेत्रमा पुल, सडक, कृषि, पशुपालन र दुर्गम बस्तीको पहुँचलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ।

प्रभावित नागरिकको आवश्यकता र सहभागिताबाट पुनर्लाभको सुरुआत

प्रभावकारी पुनर्लाभको पहिलो चरण प्रभावित नागरिकका आवश्यकता, प्राथमिकता र अनुभव बुझ्नु हो। कुन परिवारले के गुमाएको छ, उनीहरू कहाँ सुरक्षित महसुस गर्छन्, पुरानै बस्तीमा फर्कन चाहन्छन् कि अन्यत्र बस्नुपर्ने अवस्था छ र जीविकोपार्जन कसरी पुनः सुरु गर्न सक्छन् भन्ने विषयमा विस्तृत परामर्श आवश्यक हुन्छ।

रसुवामा घरधनीसँगै भाडामा व्यवसाय सञ्चालन गर्ने व्यक्ति, श्रमिक र अनौपचारिक क्षेत्रमा काम गर्ने नागरिकको अवस्था बुझ्नुपर्छ। बुढीगण्डकी क्षेत्रमा भने दुर्गम बस्तीका परिवार, गोठाला, किसान तथा सडक पहुँच अवरुद्ध भएका समुदायसम्म पुगेर उनीहरूको आवश्यकता पहिचान गर्नुपर्छ। भौगोलिक कठिनाइका कारण आफ्नो आवाज उठाउन नसक्ने परिवारलाई पनि निर्णय प्रक्रियामा समेट्नु उत्तिकै आवश्यक छ।

समुदायसँग परामर्श गर्नु भनेको तयार पारिएको योजना सुनाउनु भने होइन। उपलब्ध विकल्प, तिनका सम्भावित जोखिम, कार्यान्वयनको समयसीमा र प्रत्येक विकल्पले परिवारको जीवनमा पार्ने प्रभावबारे स्पष्ट जानकारी दिनुपर्छ। स्थानीय बासिन्दाले प्रश्न उठाउन, असहमति व्यक्त गर्न र आफ्ना प्राथमिकता प्रस्तुत गर्न पाउनुपर्छ। प्राविधिक कारणले कुनै स्थानमा पुनर्निर्माण वा पुनर्वास सम्भव नहुने भए त्यसको आधारसमेत स्पष्ट पार्नुपर्छ।

यससँगै घर तथा अन्य भौतिक संरचनाको क्षति मूल्याङ्कनमा मात्र सीमित नभई सडक, पुल, खानेपानी, विद्युत, सञ्चार, विद्यालय, स्वास्थ्य संस्था, कृषि, पशुपालन, पर्यटन, व्यवसाय र रोजगारीमा परेको प्रभावसमेत समेट्नुपर्छ। नदीको धार परिवर्तन भएको छ कि छैन, नदीकिनार कमजोर भएका छन् कि छैनन्, पहिरोको जोखिम बाँकी छ कि छैन र पुरानो बस्तीमा पुनः बसोबास गर्न सुरक्षित हुन्छ कि हुँदैन भन्ने विषयमा वैज्ञानिक अध्ययन आवश्यक हुन्छ।

स्थानीय समुदायसँग पर्याप्त परामर्श गर्न समय लागे पनि उनीहरूको वास्तविक आवश्यकतासँग मेल नखाने घर, प्रयोगविहीन पूर्वाधार वा समुदायले स्वीकार नगरेका पुनर्वासस्थल निर्माण गर्दा दीर्घकालमा अझ बढी समय र स्रोत खर्च हुन सक्छ। त्यसैले पुनर्लाभ प्रक्रियाको सुरुआतदेखि नै समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ।

आवाससँगै जीविकोपार्जन र आधारभूत सेवा पुनःस्थापना आवश्यक

विपद्पछि अस्थायी आश्रयले तत्काल सुविधा भए पनि प्रभावित परिवारलाई दीर्घकालीन बसोबासबारे स्पष्ट निर्णय आवश्यक हुन्छ। उनीहरू पुरानै स्थानमा फर्कन सक्छन्, संक्रमणकालीन आवासमा बस्नुपर्ने हुन्छ वा स्थायी रूपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने हुन्छ भन्ने विषय समयमै स्पष्ट पार्नुपर्छ। लामो समयसम्म अन्योल कायम रहँदा बालबालिकाको शिक्षा, रोजगारी, कृषि उत्पादन, ऋण व्यवस्थापन र भविष्यको लगानीसम्बन्धी निर्णय प्रभावित हुन सक्छन्।

पुरानो बस्ती सुरक्षित रहेको अवस्थामा परिवारको आवश्यकताअनुसार घरधनीको नेतृत्वमा पुनर्निर्माण गर्न सकिन्छ। सरकारले आर्थिक अनुदान, सुरक्षित निर्माण मापदण्ड, प्राविधिक परामर्श, डिजाइनका विकल्प र निर्माणको अनुगमन उपलब्ध गराउन सक्छ। तर बस्तीमै फर्कनु जोखिमपूर्ण हुने अवस्थामा पुनर्वासको विकल्प अपनाउनुपर्ने हुन्छ। पुनर्वासलाई घर निर्माणमा मात्र सीमित राख्नु हुँदैन। नयाँ स्थानमा बसोबास गर्ने परिवारलाई जमिन, रोजगारी, विद्यालय, स्वास्थ्य सेवा, बजार, यातायात, छिमेकी र सांस्कृतिक अभ्याससँगको सम्बन्ध कायम राख्ने अवसर पनि आवश्यक हुन्छ। जीविकोपार्जनका आधार र सामाजिक सम्बन्ध गुमेको अवस्थामा भौतिक रूपमा सुरक्षित बस्तीमा समेत परिवारलाई दीर्घकालीन रूपमा बस्न कठिन हुन सक्छ।

रसुवामा पुनर्वास वा पुनर्निर्माणको योजना बनाउँदा बजार, व्यापारिक मार्ग र रोजगारीका अवसरसँगको सम्बन्धलाई प्राथमिकता दिनुपर्छ। बूढीगण्डकी क्षेत्रमा भने गोठ, चरन क्षेत्र, खेतीयोग्य जमिन तथा धार्मिक र सांस्कृतिक स्थलसँगको सम्बन्धलाई समेत ध्यान दिनुपर्छ। आवाससँगै आवश्यक पूर्वाधारको पुनःस्थापना पनि उत्तिकै महत्वपूर्ण छ। एउटा पुल पुनर्निर्माण गर्दा धेरै गाउँको बजार, विद्यालय र स्वास्थ्य संस्थासम्मको पहुँच सहज हुन सक्छ। खानेपानी प्रणाली पुनः सञ्चालनमा आउँदा परिवारलाई आफ्नो बस्तीमा फर्कन सहयोग पुग्छ भने अस्थायी सडकले खाद्यान्न, औषधि र निर्माण सामग्री ढुवानी गर्न सहज बनाउँछ। त्यसैले पूर्वाधारमा लगानी गर्दा त्यसले

–बाँकी तीन पेजमा

बाढीपछिको ...

प्रभावित नागरिकको दैनिक जीवन पुनः सुरु गर्न कति सहयोग पुऱ्याउँछ भन्ने आधारमा प्राथमिकता निर्धारण गर्नुपर्छ।

जीविकोपार्जन पुनःस्थापनाका कार्यक्रम पनि उत्तिकै आवश्यक छन्। बाढीले खेतबारी, पशुधन, कृषि औजार, पसलका सामान, सवारीसाधन र पर्यटनबाट प्राप्त हुने आम्दानी नष्ट गर्न सक्छ। आम्दानीका स्रोत पुनःस्थापित नभए घर निर्माण सम्पन्न भएपछि पनि परिवार ऋणमा पर्न वा अन्यत्र बसाइँ सर्न बाध्य हुन सक्छन्। यसका लागि साना आर्थिक अनुदान, कृषि तथा पशुपालन सहयोग, औजार र उपकरण प्रतिस्थापन, अस्थायी नगद सहायता तथा पुनर्निर्माणका काममा स्थानीय रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्न सकिन्छ। रसुवामा व्यवसाय र रोजगारी पुनःस्थापनाका कार्यक्रम प्रभावकारी हुन सक्छन् भने बुढीगण्डकीमा कृषि, पशुधन, खेतीयोग्य जमिन तथा पुल र सडकको पुनःस्थापनाले स्थानीय परिवारलाई बढी सहयोग पुऱ्याउन सक्छ।

समावेशी, पारदर्शी र उत्तरदायी पुनर्लाभमा जोड

पुनर्लाभको योजनालाई स्थिर दस्तावेजका रूपमा मात्र नराखी परिस्थितिअनुसार नियमित समीक्षा र परिमार्जन गर्नुपर्छ। सुरुमा सडकको पुनःस्थापना सबैभन्दा महत्त्वपूर्ण देखिए पनि केही महिनापछि खानेपानी, विद्यालय वा रोजगारीको समस्या प्रमुख बन्न सक्छ। पुनर्वासमा गएका परिवारले काम पाउन नसक्ने, निर्माण सामग्रीको मूल्य बढ्ने वा प्रारम्भिक क्षति विवरणमा नपरेका परिवार पछि पहिचान हुने अवस्था पनि आउन सक्छ।

त्यसैले स्थानीय पुनर्लाभ समिति, सार्वजनिक बैठक र नियमित वडा छलफलमार्फत प्रभावित नागरिक, सरकारी अधिकारी र प्राविधिक टोलीबीच निरन्तर संवाद कायम गर्नुपर्छ। पुनर्लाभको प्रगति, ढिलाइ, खर्च र नयाँ चुनौतीबारे नियमित समीक्षा गर्दै योजनामा आवश्यक सुधार गर्न सकिन्छ। विशेषगरी भाडामा बस्ने व्यक्ति, भूमिहीन परिवार, अनौपचारिक बस्तीका बासिन्दा, महिला नेतृत्वका परिवार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दुर्गम क्षेत्रका नागरिक सरकारी सहायता तथा पुनर्स्थापनाका कार्यक्रममा छुट्न सक्ने जोखिम रहन्छ। रसुवामा भाडामा बस्ने व्यापारी, श्रमिक र अनौपचारिक व्यवसायीको अवस्था विशेष रूपमा सम्बोधन गर्नुपर्छ। बुढीगण्डकीमा दुर्गम बस्तीका परिवार र पशुपालनमा निर्भर समुदायसम्म सहायता पुऱ्याउन थप प्रयास आवश्यक हुन सक्छ।

क्षति गोरखा र धादिङ फरक फरक जिल्लामा फैलिएको अवस्थामा स्थानीय तह, जिल्ला प्रशासन र प्रदेशबीच समन्वय गरी प्रभावित परिवारको विवरण एकीकृत गर्नुपर्छ। सहायता वितरणका सूची तथा मापदण्ड पारदर्शी बनाउँदै कुनै परिवार प्रशासनिक सीमाना वा अभिलेखको अभावका कारण छुट्न नदिने व्यवस्था गर्नुपर्छ। पुनर्लाभको सफलता कति घर निर्माण भए वा कति रकम खर्च भयो भन्ने आधारमा मात्र मापन गर्नु पर्याप्त हुँदैन। अझै कति परिवार अस्थायी आश्रयमा छन्, कति परिवारको आम्दानी पुनःस्थापित भएको छैन, बालबालिकाले नियमित विद्यालय जान पाएका छन् कि छैनन्, स्वास्थ्य सेवा र खानेपानीको पहुँच कस्तो छ तथा निर्णय प्रक्रियामा प्रभावित नागरिकको सहभागिता कति सुनिश्चित भएको छ भन्ने सूचक पनि महत्त्वपूर्ण हुन्छन्।

सरकारी निकायले सडक मर्मत, जोखिम मूल्याङ्कन, अनुदान वितरण र पुनर्वाससम्बन्धी निर्णयबारे नियमित जानकारी सार्वजनिक गर्नुपर्छ। सबै प्रश्नको तत्काल उत्तर उपलब्ध नहुन सक्छ। तर के तथ्य उपलब्ध छन्, के विषय अझै अध्ययनकै क्रममा छन् र अर्को जानकारी कहिले सार्वजनिक गरिनेछ भन्ने कुरा स्पष्ट पार्दा समुदायको विश्वास कायम राख्न सहयोग पुग्छ।

सुरक्षित र सम्मानजनक जीवन पुनर्निर्माण नै वास्तविक सफलता

रसुवा–भोटेकोशी र बूढीगण्डकी क्षेत्रमा आएका बाढीले नेपालमा विपद्पछिको पुनर्लाभलाई थप व्यापक, समावेशी र जोखिमप्रति संवेदनशील बनाउनुपर्ने आवश्यकता देखाएका छन्। भौतिक संरचनाको पुनर्निर्माण अपरिहार्य भए पनि त्यससँगै नागरिकको जीविकोपार्जन, सामाजिक सम्बन्ध, आधारभूत सेवामा पहुँच र भविष्यमा विपद्को जोखिम घटाउने उपायलाई एकीकृत गर्न आवश्यक छ।

प्रभावित समुदायको सहभागिता, वैज्ञानिक प्रमाणमा आधारित निर्णय, पारदर्शी सहायता वितरण, अन्तरसरकारी समन्वय र स्थानीय अर्थतन्त्रको पुनरुत्थानलाई प्राथमिकता दिइएमा पुनर्लाभ प्रक्रिया अझ प्रभावकारी बन्न सक्छ। छिटो पुनर्लाभ भन्नाले संरचना छिटो निर्माण गर्नु मात्र होइन, प्रभावित नागरिकलाई सुरक्षित रूपमा बस्न, सम्मानजनक जीवनयापन गर्न र भविष्यका विपद् सामना गर्न सक्षम बनाउनु हो। यही दृष्टिकोणले भोटेकोसी र बूढीगण्डकीका प्रभावित समुदायलाई दीर्घकालीन रूपमा सुरक्षित र आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउन सक्छ।

महर्जन जी.आइ.एस विज्ञ हुन् भने नेपालले विपद् इन्जिनियरिङ र योजना विज्ञ, हाल संयुक्त राज्य अमेरिकामा प्रकोप तथा योजनासम्बन्धी विषयमा विद्यावारिधि गर्दै छन्।बाह्रखरीबाट

छठको प्रसाद 'ठेकुवा' मिथिलाञ्चलको धार्मिक आस्थासँगै सांस्कृतिक पहिचान



जनकपुरधाम, २५ कार्तिक। छठ पर्वको चर्चा हुँदा आँखाअगाडि सबैभन्दा पहिले आउँछ– जलाशय किनारमा सजाइएका घाट, बाँसका डालामा राखिएका फलफूल, अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिँदै गरेका व्रतालु र वातावरणमा गुञ्जिने छठको भक्तिमय गीतसङ्गीत। तर, यी सबै दृश्यलाई पूर्णता दिने एउटा यस्तो परिकार छ, जसको उपस्थिति बिना छठको प्रसाद नै अधुरो मानिन्छ। त्यो हो– ठेकुवा।

गहुँको पिठो, घिउ र सख्खर वा चिनीबाट तयार गरिने ठेकुवा स्वादका हिसाबले सामान्य मिठाईजस्तो देखिए पनि यसको महत्त्व त्यतिमा सीमित छैन। यसमा मिथिलाको धार्मिक आस्था, पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको पाककला, पारिवारिक आत्मीयता र घरबाट टाढा रहेका आफन्तसँग जोडिएको सम्झना एकैसाथ मिसिएको छ।

छठ पर्व नजिकिँदै गर्दा अहिले मधेसका गाउँदेखि सहरसम्मका घरमा ठेकुवा बनाउने तयारी सुरु भएको छ। कतै गहुँ सफा गरेर घाममा सुकाइँदै छ त कतै सख्खर पगाल्ने, घिउ जुटाउने र आवश्यक सामग्रीको जोहो भइरहेको छ। घरका महिला तथा परिवारका अन्य सदस्य मिलेर ठेकुवा बनाउने तयारीमा जुट्दा घरघरमा छठको रौनक थपिन थालेको छ।

मिथिलाञ्चलमा पुस्तौँदेखि छठको मुख्य प्रसादका रूपमा प्रयोग हुँदै आएको ठेकुवा अहिले मधेसको सीमाभन्दा बाहिर पनि परिचित बन्दै गएको छ। कुनै समय तराई–मधेसमा मात्र बढी प्रचलित यो पर्व अहिले देशका विभिन्न भूभागमा मनाइने भएकाले ठेकुवाको परिचय र मागसमेत विस्तार हुँदै गएको छ। जनकपुरधाम–९ की गृहणी लक्ष्मी कर्णका अनुसार ठेकुवा केवल खानाका लागि बनाइने परिकार होइन, यो परिवारको माया र सांस्कृतिक परम्परासँग जोडिएको प्रसाद हो। उनी भन्छिन्, 'ठेकुवाको स्वादमा मिठास त हुन्छ नै, यससँग हाम्रो परिवार, धर्म र पुर्खाले जोगाएर राखेको परम्परा पनि जोडिएको छ। छठमा ठेकुवा नहुने हो भने पर्व अपूरो भएजस्तो हुन्छ।'

शुद्धतादेखि स्वादसम्म विशेष ध्यान

छठका लागि बनाइने ठेकुवा अन्य समयमा तयार पारिने मिठाईभन्दा फरक हुन्छ। यसलाई तयार पार्दा स्वादसँगै धार्मिक शुद्धता र विधिको विशेष ख्याल गरिन्छ। परम्परागत रूपमा ठेकुवा बनाउनुअघि गहुँलाई राम्रोसँग सफा गरिन्छ। त्यसपछि घाममा सुकाएर पिठो तयार पारिन्छ। गहुँ सुकाउने क्रममा चराचुरुङ्गीले जुठो नगरुन् भन्नेसम्मको सावधानी अपनाइन्छ। गहुँ सफा गर्ने, पिठो पिसाउनेदेखि ठेकुवा पकाउनेसम्मका काम छुट्टै शुद्धताका साथ गरिन्छन्।

पिठोमा घिउ र पगालिएको सख्खर वा चिनी मिसाएर मुछिन्छ। स्वादअनुसार त्यसमा नरिवल, छोकडा तथा अन्य सामग्री पनि राख्ने गरिन्छ। मुछिएको पिठोबाट साना डल्ला बनाइन्छ र त्यसलाई परम्परागत काठको साँचोमा राखेर विभिन्न आकृति दिइन्छ। यसरी तयार भएका ठेकुवालाई घिउ वा तेलमा खैरो रङ नआउन्जेल तारिन्छ। राम्रोसँग पाकेपछि स्वादिलो ठेकुवा तयार हुन्छ। परिवार र ठाउँअनुसार यसको स्वादमा केही भिन्नता पाइन्छ। कतिपयले सख्खर प्रयोग गर्छन् भने कतिपयले चिनी मिसाएर बनाउँछन्। कसैले नरिवल र छोकडा थप्छन् त कसैले परम्परागत विधिअनुसार सामान्य सामग्रीबाटै तयार पार्छन्।

काठको साँचोमा कुँदिन्छन् ठेकुवामा बुट्टा

ठेकुवाको छुट्टै पहिचान यसको स्वादमा मात्र होइन, बनावट र आकारमा पनि छ। सामान्य मिठाईभन्दा फरक यसलाई परम्परागत रूपमा काठमा कुँदिएका साँचो प्रयोग गरेर विभिन्न आकृति दिइन्छ। काठका साँचोमा फूल, पात, गोलाकार तथा अन्य परम्परागत बुट्टा कुँदिएका हुन्छन्। पिठोको डल्लालाई साँचोमा राखेर थिचेपछि त्यही बुट्टा ठेकुवामा छापिन्छ। यसले ठेकुवालाई आकर्षक देखाउनुका साथै यसको मौलिक पहिचानलाई समेत जोगाएको छ। ठेकुवा नाम कसरी रहन गयो भन्ने विषयमा पनि स्थानीयस्तरमा विभिन्न मान्यता छन्। पिठोको डल्लालाई काठको साँचोमा राखेर थिच्ने वा ठोक्ने प्रक्रियासँग यसको नाम जोडिएको हुन सक्ने स्थानीयहरूको भनाइ छ।

अहिले बजारमा विभिन्न आकारका आधुनिक मिठाई उपलब्ध भए पनि परम्परागत काठको साँचोबाट बनाइने ठेकुवाको आकर्षण घटेको छैन। कतिपय परिवारमा पुस्तौँदेखि प्रयोग हुँदै आएका साँचो अझै सुरक्षित राखिएका छन्। ती साँचो केवल ठेकुवा बनाउने साधन मात्र नभई परिवारको पुरानो सम्झना र परम्पराका चिनारीसमेत बनेका छन्।

माटोको चुलो र आँपको दाउरामा पाक्ने प्रसाद

आधुनिक भान्सामा ग्यास तथा विद्युतीय उपकरणको प्रयोग बढ्दै गए पनि धेरै मिथिलावासी परिवारमा छठको ठेकुवा बनाउँदा पुरानै विधिलाई प्राथमिकता दिने चलन अहिले पनि कायम छ। धेरै घरमा माटोको चुलोमा आँपको दाउरा बालेर ठेकुवा पकाउने गरिन्छ। प्रसाद बनाउने ठाउँ सफा राख्ने, शुद्ध सामग्री प्रयोग गर्ने र पकाउने क्रममा अनावश्यक आवतजावत नगर्ने परम्परा अझै कायम छ। धार्मिक मान्यताअनुसार छठको प्रसाद बनाउने काममा विशेष सावधानी अपनाउनुपर्छ। त्यसैले ठेकुवा बनाउने प्रक्रिया सामान्य भान्साको कामभन्दा फरक हुन्छ। परिवारका सदस्यले आ–आफ्नो जिम्मेवारी सम्हाल्दै प्रसाद तयार पार्छन्।

छठ पर्वमा व्रतालुले कठोर नियम पालना गर्दै अस्ताउँदो र उदाउँदो सूर्यलाई पोखरी वा जलाशयमा उभिएर अर्घ्य अर्पण गर्छन्। परिवारको सुख, शान्ति, समृद्धि, सन्तानको दीर्घायु र आरोग्यको कामनासहित गरिने यस अनुष्ठानमा ठेकुवालाई विशेष प्रसादका रूपमा चढाइन्छ।

षष्ठी माता र सूर्यदेवप्रतिको आस्थासँग जोडिएको यस पर्वमा व्रतालुले चढाएको प्रसादलाई पछि परिवार, आफन्त र छरछिमेकीबिच बाँड्ने परम्परा छ। यही प्रसाद वितरणले छठलाई व्यक्तिगत आस्थाको पर्व मात्र नभई सामूहिक सद्भाव र एकताको पर्वका रूपमा समेत स्थापित गरेको छ।

घर बाहिर रहेका आफन्तका लागि घरको सम्झना

ठेकुवाको अर्को विशेषता लामो समयसम्म राख्दा पनि सुरक्षित रहन सक्नु हो। कम पानी प्रयोग गरेर पिठो मुछिने र राम्रोसँग तारिने भएकाले यसलाई अन्य धेरै परिकारको तुलनामा लामो समयसम्म खानयोग्य राख्न सकिन्छ। जनकपुर १० का रश्मी साहका अनुसार यही विशेषताका कारण ठेकुवा छठको समयमा घरमै खाने प्रसादमा मात्र सीमित छैन। यसलाई टाढा रहेका आफन्त तथा साथीभाइलाई कोसेलीका रूपमा पठाउने चलन पनि छ। उनी भन्छिन्, 'ठेकुवा लामो समयसम्म राख्न मिल्ने भएकाले विदेश वा देशकै अन्य सहरमा रहेका आफन्तलाई पठाउन सजिलो हुन्छ। कतिपयले यात्रामा समेत खाजाका रूपमा लिएर जान्छन्।'

रोजगारी, अध्ययन तथा विभिन्न कामका सिलसिलामा काठमाडौँलगायत देशका अन्य सहर र विदेशमा रहेका मिथिलावासीका लागि घरबाट पठाइएको ठेकुवा विशेष महत्वको हुन्छ। परिवारले पठाएको ठेकुवा प्राप्त गर्दा उनीहरूले गाउँघर, परिवार र छठ पर्वको सम्झना गर्न बाध्य हुन्छन्। विशेषगरी छठमा घर फर्किन नपाएका व्यक्तिका लागि ठेकुवा केवल मिठो परिकार हुँदैन, यो आफ्नो माटो र परिवारसँग जोडिने माध्यम पनि बन्छ।

आधुनिक मिठाईले पनि घटाउन सकेन महत्व

समयसँगै खानपानको शैली फेरिएको छ। बजारमा विभिन्न प्रकारका मिठाई, बेकरी तथा तयारी खाद्य सामग्री उपलब्ध छन्। पहिले घरमै बनाइने कतिपय परिकार अहिले बजारबाट किनेर प्रयोग गर्ने चलन पनि बढेको छ। तर छठ पर्वको प्रसादका रूपमा ठेकुवाको महत्त्व भने अझै उस्तै छ। आधुनिक मिठाईले यसको स्थान लिन सकेका छैनन्। छठमा पूजा सामग्रीसँगै बाँसको डालामा सजाइएको ठेकुवा अनिवार्यजस्तै मानिन्छ। नयाँ पुस्तालेपनि परिवारका अग्रजबाट ठेकुवा बनाउने विधि सिक्दै आएका छन्।

कतिपय घरमा हजुरआमा र आमाले बनाएको ठेकुवाको स्वाद र त्यसको बुट्टा नयाँ पुस्तालेपनि सम्झिने गरेका छन्। यसरी एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भइरहेको ठेकुवा बनाउने सीपले मिथिलाको मौलिक पाककला र सांस्कृतिक विरासतलाई जोगाउन मद्दत गरेको छ।

छठको घाटमा सूर्यलाई अर्घ्य अर्पण गर्दा बाँसका डालामा सजिएका फलफूल, नरिवल, उखु, बेसारको बोट, अदुवाको बोट, भुसवा र अन्य पूजा सामग्रीसँगै ठेकुवाको उपस्थिति विशेष हुन्छ। पूजा सम्पन्न भएपछि प्रसादका रूपमा बाँडिने ठेकुवाले परिवार, आफन्त र समुदायका सदस्यलाई एउटै आत्मीयतामा जोड्छ।

छठ पर्वको व्यापकता बढेसँगै ठेकुवाको परिचय पनि मधेसको सीमाभन्दा बाहिर फैलिँदै गएको छ। यसले धार्मिक परम्परासँगै मिथिलाको खानपान संस्कृतिलाई समेत चिनाउने काम गरेको छ। रातोपाटीबाट

बटेश्वरका १२७ कर्मचारी 'बटेश्वर रत्न'बाट सम्मानित



जनकपुरधाम, २५ कार्तिक। धनुषाको बटेश्वर गाउँपालिकाका १२७ जना राष्ट्रसेवक कर्मचारी 'बटेश्वर रत्न' सम्मानबाट सम्मानित भएका छन्। बटेश्वर गाउँपालिकाका स्थायी बासिन्दा भई सरकारी सेवामा स्थायी रूपमा देशका विभिन्न ठाउँमा कार्यरत कर्मचारीलाई बटेश्वर नागरिक समाजले 'बटेश्वर रत्न २०८३' बाट सम्मान गरेको हो।

मंगलबार बटेश्वरस्थित शिवशक्ति माध्यमिक विद्यालयमा आयोजित समारोहमा उपस्थित १२७ जना कर्मचारीलाई सम्मान गरिएको नागरिक समाजका संयोजक डा. सुनिल सिंहले जानकारी दिए। गाउँपालिकाका पाँचवटै वडाबाट अनलाइन तथा प्रत्यक्ष रूपमा तथ्यांक संकलन गरी भौतिक रूपमा समारोहमा सहभागी हुन सकेका १२७ जना कर्मचारीलाई पहिलो चरणमा सम्मान गरिएको हो। सरकारी सेवामा प्रवेश गरेका कर्मचारीको मनोबल बढाउने, जन्मभूमिप्रतिको अपनत्व र उत्तरदायित्वको भावना जागृत गराउने तथा नयाँ पुस्तालाई लोकसेवा आयोगको प्रतिस्पर्धामा सहभागी हुन प्रेरित गर्ने उद्देश्यले समारोह आयोजना गरिएको नागरिक समाजले जनाएको छ।

समारोहको उद्घाटन स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै पृथक शैलीमा गरिएको थियो। स्थानीय कृषि उपज, माटो तथा बाँसबाट निर्मित भाँडाकुँडा र अन्य वस्तुको प्रदर्शनीमार्फत स्थानीय उत्पादनको महत्त्वबारे सन्देश दिइएको थियो। स्थानीय उत्पादनमा योगदान पुऱ्याउने उत्पादकलाई समेत सम्मान गरिएको थियो।

आगामी वर्षदेखि निश्चित मापदण्ड बनाएर सरकारी सेवा, कृषि, उद्योग, व्यवसाय, सञ्चारलगायत विभिन्न क्षेत्रमा उत्कृष्ट काम गर्ने तथा समाजमा योगदान पुऱ्याउने व्यक्तिको पहिचान र छनोट गरी 'बटेश्वर रत्न'बाट सम्मान गर्ने लक्ष्य रहेको कार्यक्रम संयोजक एवं स्थानीय बासिन्दा पत्रकार शैलेन्द्र महतो 'क्रान्ति'ले जानकारी दिए। उनले नागरिक समाजको आगामी वार्षिक कार्यक्रमसमेत प्रस्तुत गरेका थिए।

समारोहमा प्रमुख अतिथिका रूपमा धनुषा क्षेत्र नं. ४ बाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिसभा सदस्य एवं बटेश्वरवासी राजकिशोर महतो सहभागी थिए। विशिष्ट अतिथिमा बटेश्वर गाउँपालिका अध्यक्ष रामअशिष महतो, जनकपुरधामस्थित कबिर बालवात्सल्य आश्रमका सञ्चालक सन्त सत्यनारायण आलोक, बटेश्वरवासी एवं महालेखा परीक्षकको कार्यालयका नायब महालेखापरीक्षक तथा सहसचिव रामप्रकाश महतो र हुलाकी सडक निर्देशनालय जनकपुरका प्रमुख कृष्णकुमार महतो सहभागी थिए। उनीहरूबाट राष्ट्रसेवक कर्मचारीलाई सम्मान गरिएको थियो।

सम्मान कार्यक्रम सञ्चालनमा बटेश्वर गाउँपालिका वडा नं. १ का अध्यक्ष अशोककुमार महतो, वडा नं. ३ का अध्यक्ष राममणि कुशवाहा र वडा नं. ५ का अध्यक्ष शिवकरण यादव तथा शिवशक्ति माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रमोदशरण केवटलगायतले सहयोग गरेका थिए।

रक्तदानको भावना जागृत गराउने उद्देश्यले समारोहको अवसरमा नेपाल रेडक्रस सोसाइटी जनकपुर र ब्लड फर नेपालको सहयोगमा रक्तदान कार्यक्रमसमेत आयोजना गरिएको थियो। कार्यक्रममा ३३ जनाले रक्तदान गरेको ब्लड फर नेपालका अध्यक्ष सरोजकुमार महतोले जानकारी दिए।

विभिन्न क्षेत्रमा कार्यरत सचेत युवा तथा प्रबुद्ध नागरिकको पहलमा गठन भएको बटेश्वर नागरिक समाजले समाज रूपान्तरणका लागि सकारात्मक कामलाई प्रोत्साहन गर्ने र नकारात्मक गतिविधिविरुद्ध खबरदारी गर्ने उद्देश्य लिएको छ। समाजले बटेश्वरको इतिहास, धार्मिक धरोहर तथा सम्पदा, सरकारी सेवा, कृषि, उद्योग, व्यवसायलगायत क्षेत्रका उपलब्धि, सफलता र संघर्षका कथा समेटेर 'बटेश्वर स्मारिका' नामक पुस्तकसमेत वार्षिक रूपमा प्रकाशन गर्ने लक्ष्य राखेको समारोहका सञ्चालक शत्रुधन शर्माले जानकारी दिए।

नागरिकताको नयाँ भन्दा प्रतिलिपि लिने धेरै

काठमाडौं, २५ कार्तिक। नयाँ नागरिकता लिने भन्दा नागरिकता लिइसकेका तर हराएका, जलेका, वा कुनै पनि कारणले नस्ट भएको भनेर नागरिकताको प्रतिलिपि लिनेको संख्या धेरै रहेको पाइएको छ। गृह मन्त्रालयको तथ्यांक अनुसार गत साउन, भदौ र असोज महिनामा एक लाख ६९ हजार ९७३ जनाले नयाँ नागरिकता लिए। जबकी यही अवधिमा २ लाख २६ हजार ५२९ जनाले नागरिकताको प्रतिलिपि लिएका छन्।

यही तीन महिनामा आफ्नो नागरिकतामा रहेको डाटा सुधार गर्नेको संख्या ३ लाख ४ हजार ८२८ जना रहेका छन्। यो देशभरको तथ्यांक हो। यस अवधिमा २४५ जनाले आफ्नो नागरिकता रद्ध गरेका छन्। २३ जनाको नागरिकता बदर भएको छ। ५१२ जनाले नागरिकता त्याग गरेका छन्। तीन महिनाको अवधिमा बिभिन्न जिल्लाबाट ४ जनाले पहिले त्याग गरिसकेको नागरिकता पुनः कायम गरेका छन्।

गृह मन्त्रालयका अनुसार नागरिकता प्रमाणपत्र सम्बन्धीत प्रक्रियालाई थप व्यवस्थित एवं प्रविधिमा आधारित बनाउने उद्देश्यका साथ हालसम्ममा ६ हजार ६५९ वडा कार्यालयहरुमा अनलाइन प्रणालीमार्फत नागरिकता सिफारिस व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। आर्थिक बर्ष २०८३/०८४ को प्रथम त्रैमासिकमा स्थानीय तहबाट प्रणाली मार्फत नागरिकता सिफारिस सुरु भएको हो।

यस अन्तर्गत साउन, भदौ र असोज महिनामा अनलाइन प्रणालीमार्फत सिफारिस भएको संख्या १ लाख ५० हजार ५४६ रहेको छ। अनलाइन सिफारिस भएकामध्ये १ लाख ५० हजार ३८५ वटा नागरिकता जारी भएको छ। गृह मन्त्रालयले पछिल्लो तीन महिनाको त्रैमासिक प्रगति विवरण हालै सार्वजनिक गरेको छ। सोही विवरणमा यी विवरण समावेश छन्।

सबै सरकारी कार्यालयहरूले आफ्नो त्रैमासिक प्रगति विवरण सार्वजनिक गर्नुपर्छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम त्रैमासिक प्रगति विवरण स्वत: प्रकाशन गर्नुपर्ने हुन्छ।

उपदफा ३ मा लेखिएको छ, 'सार्वजनिक निकायले उपदफा (२) बमोजिमको सूचना आफ्नो स्थापना र विकास भएको समयलाई विचार गरी कम्तीमा प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ।' सरकारी निकायका कामकारबाहीलाई पारदर्शी, जवाफदेही र खुला बनाउने ऐनको उद्देश्य अन्तर्गत गृह मन्त्रालयले पनि पछिल्लो तीन महिनाको प्रगति विवरण सार्वजनिक गरेको हो।

जनकपुरमा होटलदेखि...

गरिएको प्रहरीले जनाएको छ। कात्तिक २४ गते राति करिब १ बजे जनकपुरधाम–२ स्थित सिटी होटलमा तास खेलिरहेको अवस्थामा थप पाँच जना पक्राउ परेका छन्।

उनीहरूको साथबाट ६७ हजार ५ सय रुपैयाँ नगद बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले विभिन्न स्थानबाट पक्राउ परेका ३७ जनामाथि आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाएको जनाएको छ। प्रहरीको विवरणअनुसार धनुषामा जुवातास खेल्ने गतिविधि सार्वजनिक स्थानदेखि होटल र निजी घरभित्रसम्म हुने गरेको देखिएको छ। जनकनन्दनी गाउँपालिकाको बल्हा, जनकपुरधामको बसपार्क, काली होटल, साजन टेन्ट हाउस र सिटी होटलबाट भएका कारबाहीले यस्तो गतिविधि विभिन्न स्थानमा सञ्चालन भइरहेको छ। चाडपर्वका बेला जुवातास नियन्त्रणका लागि प्रहरीले निगरानी र कारबाहीलाई तीव्र बनाएसँगै यस्तो कार्य गर्न र नगराउन आग्रह समेत गरेको छ।

जुवाडे छुटाउन सडकमा टायर बालेर विरोध प्रदर्शन

कात्तिक २३ गते बिहान जनकपुरधाम–१४ रजौलस्थित साजन टेन्ट हाउसमा तास खेलिरहेको अवस्थामा पक्राउ परेकालाई छोडनुपर्ने भन्दै स्थानियबासी आन्दोलनमा उत्रिएका छन्। उनीहरुले मंगलबार साँझ जनकपुर ९ स्थित थापाचौकमा सडकमा टायर बालेर विरोध प्रदर्शन गरेका छन्। सो क्रममा केही बेर आवतजावत अवरुद्ध समेत बनेको थियो। प्रहरी प्रवक्ता एवं डिएसपी ओमप्रकाश खनालले पक्राउ परेकाहरूलाई छोड्न दबाब दिने उद्देश्यले स्थानीय तथा परिवारजन आन्दोलनमा होमिएको बताए।

मधेशका मुख्यमन्त्री यादवले २८ गते विश्वासको मत लिने



जनकपुरधाम, २५ कार्तिक। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले यही कात्तिक २८ गते प्रदेशसभामा विश्वासको मत लिने भएका छन्। प्रदेश सरकारमा सहभागी नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका हुन्।

मुख्यमन्त्री यादवले कात्तिक २८ गते दिउँसो १ बजे विश्वासको मत लिने जानकारी दिए। त्यसका लागि प्रदेशसभा बैठक बोलाउन प्रदेशसभा सचिवालयलाई पत्राचार गर्न लागिएको उनले बताए। विश्वासको मत प्राप्त गर्न विभिन्न राजनीतिक दलसँग संवाद भइरहेको र विश्वासको मत लिनुअघिसम्म संवाद जारी रहने उनको भनाइ छ।

नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी एमालेका चार मन्त्रीले गत असोज २५ गते सामूहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए। त्यस्तै, सरकारमा सहभागी नेपाली कम्युनिष्ट पार्टीका चार मन्त्रीले कात्तिक २० गते राजीनामा दिँदै समर्थन फिर्ता लिएका थिए।

दुई दलले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले सरकार जोगाउन राजनीतिक सक्रियता बढाएका छन्। १०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सदस्यको समर्थन आवश्यक पर्छ। मधेस प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन्। त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य छन्।

सभ्य र सद्भावपूर्ण समाज निर्माणका लागि फाल्गुनन्दको मार्ग प्रेरक छ : गगन थापा

काठमाडौं, २५ कार्तिक। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको जन्मजयन्तीका अवसरमा उनीप्रति हार्दिक श्रद्धासुमन व्यक्त गरेका छन्। बुधबार सामाजिक सञ्जालमार्फत एक सन्देश जारी गर्दै सभापति थापाले 'सत्यधर्म मुचुल्का' मार्फत समाज सुधार तथा किराँत धर्म र संस्कृतिको मौलिक पहिचान एवं संरक्षणमा फाल्गुनन्दले पुऱ्याएको योगदान अतुलनीय रहेको स्मरण गरेका छन्। महागुरु फाल्गुनन्दले देखाएको सत्य, अहिंसा, समानता, सदाचार र सामाजिक सुधारको मार्गले सबैलाई सभ्य, न्यायपूर्ण र सद्भावपूर्ण समाज निर्माणका लागि प्रेरित गरिरहने उनले उल्लेख गरेका छन्। 'महागुरु फाल्गुनन्दले देखाउनुभएको सत्य, अहिंसा, समानता, सदाचार र सामाजिक सुधारको मार्गले हामी सबैलाई सभ्य, न्यायपूर्ण र सद्भावपूर्ण समाज निर्माणका लागि प्रेरित गरिरहेस्,' सभापति थापाले लेखेका छन्, 'उहाँका विचार, दर्शन र आदर्शलाई आत्मसात् गर्दै विविधताबीच एकता, आपसी विश्वास, सहिष्णुता र भाइचाराको भावना अझ प्रगाढ बनाउन सकौं।' नेता थापाले फाल्गुनन्दका विचार, दर्शन र आदर्शलाई आत्मसात् गर्दै विविधताबीच एकता, आपसी विश्वास, सहिष्णुता र भाइचाराको भावना अझ प्रगाढ बनाउन सबैमा आह्वानसमेत गरेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)